**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 05.06.2024**

## लोकसभा डिजलभ्ड

राष्ट्रपति द्रौपदी मुर्मूले सत्रौं लोकसभा भंग गर्नु भएको छ।
यसअघि केन्द्रीय मन्त्रीमण्डलको आज दिउँसो वसेको बैठकमा राष्ट्रपतिलाई सत्रौं लोकसभा तत्काल प्रभावद्वारा भंग गर्ने परामर्श दिइएको थियो।

## पिएम रेजिक्नेसन

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज राष्ट्रपित भवनमा राष्ट्रपति द्रौपदी मुर्मूसित भेट गरी केन्द्रीय मन्त्री परिषदको राजिनामा सुम्पिनुभयो।
राष्ट्रपतिले यसलाई स्वीकार गर्नु भएको छ।

श्रीमती मुर्मूले नयाँ सरकार गठन नभएसम्म प्रधानमन्त्री र केन्द्रीय मन्त्री परिषदलाई पदमा रहिरहने आग्रह गर्नुभयो।

श्री मोदीले आज उपराष्ट्रपति श्री धनखड़लाई पनि भेट्नु भयो।
यसैवीच राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूले आज राती आठ बजी राष्ट्रपति भवनमा निर्वतमान क्याबिनेट मन्त्रीहरूका लागि बिदाई रात्रिभोट आयोजन गर्नुभएको छ।

## एनडिए लिडर्स मिटिङ

नयाँ दिल्ली स्थित प्रधानमन्त्री श्री नरेन्द्र मोदीको निवास स्थानमा आज राष्ट्रिय जनतान्त्रिक गठबन्धन एनडिए का नेताहरूको बैठक बस्यो।
लोकसभा चुनाउमा एनडिए तेस्रो पल्ट वियजी भएपछि केन्द्रमा नयाँ सरकार गठनको भावी रणनीति तय गर्न बैठक डाकिएको थियो।
यसमा तेलेगु देशम पार्टी प्रमुख श्री एन. चन्द्रबाबु नायडू , जनता दल युनाइटेड प्रमुख तथा विहारका मुख्यमन्त्री श्री नितिश कुमार, लोक जनशक्ति पार्टी (रामविलास) प्रमुख , श्री चिराग पासवान र एनडिए दलका नेताहरू उपस्थित थिए।

**लोक सभा रिजल्ट**

स्मरण रहोस लोकसभा चुनाउमा भारतीय जनता पार्टी नेतृत्ववादी एनडीए गठबन्धनले दुई सय ब्यानब्बे सीट जितेर पूर्ण बहुमत हासिल गरेको छ।

लोकसभाका पाँच सय त्रिचालिस सीटहरूमा भारतीय जनता पार्टीले दुई सय चालिस सीट जित्यो भने तेलेगु देशमलाई सोह्र र जनता दल युनाइटेडलाई बाह्र सीट प्राप्त भयो ।आई, एन.डी आई  ए गठबन्धनले दई सय तैंतिस सीटमा विजय प्राप्त गर्यो र अन्यका खातामा अठार सीट पर्न गयो।

काँग्रेसले  निनानब्बे सीट समाजवादी पार्टीले सैंतिस तृणमूल कांग्रेसले उन्तीस र डीएमके वाइस सीट जित्न सफल भए।

 चुनाव जित्ने प्रमुख उम्मेदवारहरूमा वाराणासीबाट प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका नेता श्री नरेन्द्र मोदी, गान्धीवगरबाट केन्द्रीय मन्त्री श्री अमित शाह, कोटाबाट श्री ओम विड़ला, बीकानेरबाट श्री अर्जुन राम मेघवाल, जोधपुरबाट गजेन्द्र सिंह शेखावत, गुवाबाट भारतीय जनात पार्टी नेता श्री ज्योतिरादित्य एम. सिंधाया, मैनपरीबाट डिम्पल यादव र आसनसोलबाट टीएमसीका श्री सत्रुघन सिन्हा सामेल छन्।

**वल्ड इन्भाईरोमेण्ट डे**

आज विश्व पर्यावरण दिवस मनाइयो। पर्यावरणप्रति जागरूकता फैलाउन र पर्यावरण मुद्दामाथइ कार्य गर्नका लागि यो दिवस मनाइन्छ।

पर्यावरण रक्षाको जागरूकतालाई लिएर संयुक्त राष्ट्रको नेतृत्वमा यो एउटा वैश्विक कार्यक्रम हो। यस दिनको शुरूवात् संयुक्त राष्ट्र महासभाद्वारा उन्नाइस सय बाहत्तर सालमा मानव पर्यावरणमाथइ स्टकहोम सम्मेलनका बेला गरिएको थियो।

पहिलो पर्यावरण दिवस एक वर्षपछि उन्नाइस सय तिरात्तर सालमा मनाइय़ो।
यसको उद्देश्य पर्यावरणप्रति जागरूकता बढ़ाउनु र पर्यावरणीय मुद्दाहरूमा वैश्विक सहयोगलाई प्रोत्साहित गर्नु हो।

**वल्ड ईन्भाइरोमेन्ट डे प्रेसिडेन्ट, भाइस प्रेसिडेन्ट**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूले मानिसहरूसित मिलेर एक असल र हरित विश्वको निर्माणका लागि सामूहिक प्रयास गर्ने आह्वारन गर्नुभएकोछ।

आफ्नो सोशल मीडिया पोस्टमा उहाँले भन्नुभएको छ धरती माताको रक्षा गर्नु हाम्रो मौलिक जिम्मेवारी हो।

श्रीमती मुर्मूले भन्नुभएको छ जलवायु परिवर्तनले जीवन र आजीविकालाई प्रभावित गरिरहेछ र यसको अधिक प्रभाव, कमजोर समुदायहरूमाथि परिरहेछ।

उपराष्ट्रपति श्री जगदीप धनखड़ले पर्यावरण दिवसको अवसरमा मानिसहरूलाई शुभकामना दिनुभएको छ र भन्नुभएको छ मानवता र प्रकृतिबीच सामञ्यस्य नै दिगो जीवनको आधार हो।

**पि एम इन्भाईरोमेन्ट डे**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले विश्व पर्यावरण दिवसको अवसरमा बुद्ध जयन्ती पार्कमा विरूवरोपण गरेर 'एक पेड़ मा के नाम' अभियानको शुभारम्भ गर्नुभयो।

यस अभियानको उद्देश्य देशभरि करौड़ो विरूवा रोप्नका लागि अद्वितीय जनआन्दोलन बनाउनु हो।

उहाँसित केन्द्रीय पर्यावरण मन्त्री श्री भूपेन्द्र यादव र दिल्लीका उपराज्यपाल विनय कुमार सक्सेना पनि उपस्थित हुनुहन्थ्यो।

**वल्ड इन्भाईरोमेण्ट डे स्टेड**

यता राज्यमा पनि विश्व पर्यावरण दिवस मनाइयो।

यस अवसरमा विभिन्न ठाँउमा विरूवारोपणसँगै विविध कार्यक्रमहरू आयोजित भए।

राजभवन गान्तोकले वन विभागसित मिलेर राजभवन परिसरमा एउटा कार्यक्रम आयोजन गरेको थियो।

मुख्यमन्त्री श्री प्रेमसिंह तामङ पनि उपस्थित रहनुभएको कार्यक्रममा पर्यावरण पुनर्स्थापना तथा दिगो अभ्यासमाथइ जोड़ दिइयो।

राज्यपालले मुख्यमन्त्रीको पहल हरित क्रान्ति सरह मानिने 'मेरो रूख मेरो सन्तति' बारे प्रकाश पार्दै पर्यावरण संरक्षणको दिशामा मुख्यमन्त्रीको समर्पणको प्रशंसा गर्नुभयो।

मानव जीवनको प्राथमिक श्रोतको रूपमा पर्यावरणको महत्वबारे बोल्दै उहाँले प्रकृति पूजा परम्पराका लागि चिनिने सिक्किम राज्यका मानिसहरूसित प्राकृतिक संशाधनहरूको सरक्षंणमा योगदान दिने आग्रह गर्नुभयो।

समारोहमा राज्यपालले रूद्राक्ष र मुख्यमन्त्रीले गुराँस रोप्नुभयो।

ठूलो अलैचीका विरूवा रोपण, गान्तोक र पाकिमका लागि विरूवा वितरण वाहन अनि राज्य प्रदूषण नियन्त्रण बोर्ड  एससिपिबी सिक्किम सचल प्रयोगशाला वाहनलाई प्रस्थआन र प्रशसांपत्र वितरण कार्यक्रमका अन्य आकर्षण थिए।

अरू ठाँउमा पनि यस प्रकारको कार्यक्रम आयोजन गरिएको थियो जसमा धेरै संख्यामा विरूवाहरू रोपियो।